annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १६२, पृष्ठ ८ | काठमाडौं, बुधवार २९ असोज २०८२ | कार्तिक कृष्णपक्ष नवमी, नेपाल संवत् ११४५ | WEDNESDAY, OCTOBER 15, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# बढ्दै शृंखलाबद्ध चोरीका घटना

## चाडबाडमा ढुक्कसँग निदाउन पाउँदैनन् नागरिक

चाडपर्व आयो कि नागरिकको मन त्रासले भरिन्छ । कारण हो, चोरी र लुटपाट । नेपालीको ठूला पर्व दसैं, तिहारमा हरेक वर्ष फाट्टफुट्ट चोरी, डकैतीका घटना भइरहेका छन् । तर, विगतको तुलनामा यसपालि नागरिकमा धेरै त्रास छ । उनीहरू ढुक्कसँग निदाउन पाएका छैनन् । जेन-जी आन्दोलनको क्रममा देशभरका कारागारबाट कैदीबन्दी फरार रहेको र देशको शान्तिसुरक्षा खल्बलिएपछि आफूहरूले सुरक्षाको प्रत्याभूति गर्न नसकेको भन्दै नागरिक रातमा ढुक्कसँग सुत्न पाउँदैनन् । कतिबेला घरमा आएर चोरले तोडफोड गर्छ भन्ने त्रासमै उनीहरू दिनरात बिताइरहेका छन् । लुम्बिनी प्रदेशका १२ जिल्लामा मात्र दसैंको मुखमा ३३ घरमा चोरी भएको छ ।




लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा ३ महिनामा भएका चोरीका घटना

*स्रोत : लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ*

समाचार पृष्ठ २

**केशरराज क्षेत्री** | *बुटवल*

– को रिपोर्ट

# विपिनको अपहरण लगत्तै हत्या, शव पठाउन केही दिन लाग्ने

**खेमराज जम्मर कट्टेल** | *तेल अभिव*

हमासद्वारा अपहरणमा परेका नेपाली विद्यार्थी विपिन जोशीको अपहरणको केही महिनापछि नै हत्या गरिएको पुष्टि भएको छ। इजरायली सुरक्षा बल (आईडीएफ) ले पनि सन् २०२३ अक्टोबर ७ मा अपहरणमा परेका विपिनको अपहरणको केही समयपछि नै हत्या भएको जनाएको छ। इजरायली सेनाले गाजाबाट फेला परेका चार शवमध्ये एक विपिनको रहेको पुष्टि गरेसँगै उनको मृत्युको आधिकारिक घोषणा भएको हो।

आईडीएफका अनुसार गाजाबाट उद्धार गरिएका शवहरूमध्ये दुई इजरायली र एक नेपालीको रहेको पहिचान भएको हो। फोरेन्सिक परीक्षणपछि विपिन जोशीकै शव भएको पुष्टि गरिएको हो। अपहरणको केही महिनाभित्रै हमासले विपिनको हत्या गरेको प्रारम्भिक अनुसन्धानले पनि देखाएको छ।

इजरायलस्थित नेपाली दूतावासका अनुसार



विपिन जोशीकी आमा र बहिनी पुष्पा जोशी अहिले अमेरिकामा छन् र उनीहरू यही शुक्रबारसम्म नेपाल फर्कने तयारीमा छन्।

उनीहरू नेपाल पुगेपछि मात्र इजरायल सरकारले विपिनको शव नेपाल पठाउने प्रक्रिया अघि बढाउने जनाएको छ। यसका लागि आवश्यक सबै कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गर्न केही दिन लाग्नेछ।

» बाँकी पृष्ठ ६

# देउवाले सुम्पिए खड्कालाई कार्यवाहक

**'१५औं महाधिवेशनबाट नेतृत्व विधिवत् हस्तान्तरण गर्छु'**

**राधा खनाल** | *काठमाडौं*

नेपाली कांग्रेसका पार्टी सभापति शेरबहादुर देउवा गत भदौ २४ गते भौतिक आक्रमणमा परेपछि १ महिनापछि सार्वजनिक रूपमा देखिए। पत्नी पूर्वपरराष्ट्रमन्त्री डा.आरजु राणा देउवासँगै आएका उनी अन्य समयभन्दा फरक देखिए। स्वास्थ्य अवस्था नाजुक देखिए पनि पार्टी र देशका विद्यमान समस्यामाथि उनले



सम्बोधन गरेका थिए। मंगलबारदेखि सुरु भएको केन्द्रीय कार्यसमिति बैठकलाई सम्बोधन गर्न पुगेका देउवाले कार्यवाहक सभापति तोकेसँगै समग्र पार्टी र देशको राजनीतिको विषयमा गम्भीर चर्चा गर्न भ्याए।

» बाँकी पृष्ठ ६

